# नमुना १
## सहभागीको लागि निर्देशिका

"मिसनमा वृद्धि" भन्ने पाठ्यक्रम
स्वस्थ मण्डलीहरूको स्थापना गर्नु

multiplication network

*धेरै मण्डलीहरू, बलिया मण्डलीहरू*

Revised 2018

# "मिसनमा वृद्धि"

मण्डली स्थापनाको पाठ्यक्रमको
समीक्षा

| | नमुना १<br>स्वस्थ मण्डली<br>स्थापना | नमुना २<br>सुसमाचार प्रचार<br>गर्न तयार हुन | नमुना ३<br>परमेश्वरको<br>योजनालाई बुझ्न | नमुना ४<br>सुसमाचार<br>प्रचार गर्न | नमुना ५<br>मानिसहरू विश्वास<br>तर्फ लाग्न | नमुना ६<br>चेलापनमा<br>वृद्धि हुन |
|---|---|---|---|---|---|---|
| भक्तिगत | स्वस्थ मण्डलीको निम्ति चाहिने बाइबलीय जगहरू | स्वस्थ मण्डलीको निम्ति चाहिने ईश्वरशास्त्रीय जगहरू | स्वस्थ मण्डलीको निम्ति चाहिने कार्यगत जगहरू | स्वस्थ मण्डलीको निम्ति चाहिने रणनैतिक जगहरू | सुसमाचारमा जिउनु | खीष्टियन वृद्धिः खीष्ट नै मुख्य विन्दु वा खीष्ट नै केन्द्रमा |
| पहिलो भाग | स्वस्थ मण्डली भनेको के हो ? | आत्मिक मापकः अनुसन्धानका सिद्धान्तहरू | मलाई परमेश्वरले के कुरा देखा इरहनुभएको छः तपाईंको आफ | विश्वासद्वारा धर्मी ठहरिनु | सुसमाचार बाहकहरू | महान्आज्ञा र मण्डली स्थापना |
| स्वस्थ मण्डली अवधारणा | स्पष्ट दर्शनलाई सँचार गर्नु | मिसन, पाठ र परिवेश | दर्शन, पाठ, र परिवेश | परमेश्वरको बोलावटमा पक्का हुन। | सुसमाचार | सुसमाचार, चेलापन |
| दोस्रो भाग | स्वस्थ मण्डली सस्थापन के हो ? | येशूले मेरो निम्ति यही कार्य गर्नुभयो ! तपाईंको व्यक्तिगत गवाहीलाई लेख्नु र बताउन | परमेश्वरलेमलाई के कुरा देखाइ रहनुभएको छः तपाईंको गवाही लाई बताउनु, र प्रार्थना गर्नु | अगुवापनका बाइबलीय सिद्धान्तहरू | विश्वासमा परिवर्तन पहिलो प्रकिया | सफलतापूर्वक चेला बनाउने उपायहरू |
| स्वस्थ मण्डली अवधारणा | परमेश्वरको बोलावटमा पक्का भएको | सुसमाचार | दर्शन, पाठ र परिवेश | अगुवाहरूलाई शसक्तिकरण गर्न | सुसमाचार | चेलापन |
| तेस्रो भाग | जेड विचारः परमेश्वरले के कुराको | सानो समूहलाई अगुवाइ गर्नु | मेरो मण्डली स्थापनाको गुरुयोजनाः परमेश्वरको दर्शनमा विवेकी हुन | सुसमाचार, मण्डली स्थापना | विश्वासमा परिवर्तन हुने दोस्रो प्रकिया | तपाईंको लक्ष्यलाई जान्नु, र तपाईंकामानिसहरूलाईजान्नु |
| स्वस्थ मण्डली अवधारणा | स्पष्ट दर्शनलाई संचार गर्न | सुसमाचार, चेलापन, अगुवाहरूलाईशक्ति दिन | स्पष्ट दर्शनलाई सँचार गर्न | सुसमाचार | सुसमाचार | चेलापन |
| चौथो भाग | मण्डली स्थापनाको चक्र | गहन बाइबलअध्ययन तरिका २: परमेश्वरको वचनलाई अवलोकन गर्नु | मण्डली स्थापनाको गुरुयोजनाः मिसनलाई परिभाषित गर्न | एउटा सानो समूहको सुरुवात गर्नु | सानो समूह सुसमाचार | गहन बाइबलअध्ययन तरिका ४: परमेश्वरको वचनलाई लागु गर्नु |
| स्वस्थ मण्डली अवधारणा | स्पष्ट दर्शनलाई सँचार गर्न | सुसमाचार, चेलापन | स्पष्ट दर्शनलाई सँचार गर्न | सुसमाचार, चेलापन | सुसमाचार | सुसमाचार, चेलापन |
| पाँचौ भाग | किन सानो समूहहरु ? | कसरी तपाईंको मण्डली स्थापनामा प्रार्थनालाई | मेरो मण्डली स्थापनाको गुरुयोजनाः मुल्यलाई परिभाषित गर्न | सुसमाचार र समुदायका खाँचोहरू पूरा गर्नु | अभ्यासः सानो समूहको अनुभव | सांसारिक दृष्टिकोणलाई बुझ्नु |
| स्वस्थ मण्डली अवधारणा | सुसमाचार, चेलापन | सुसमाचार | स्पष्ट दर्शनलाई सँचार गर्न | सेवा | सुसमाचार | परमेश्वरको बोलावटलाई पक्का गर्नु। |
| छैटौं भाग | गहन बाइबल अध्ययन तरिका १: बाइबले हामीलाई सिकाएको होस | प्रार्थनाको प्रशंसाको गीतः भजनसंग्रह ९५ | मेरो मण्डली स्थापनाको गुरुयोजना | गहन बाइबलअध्ययन तरिका २: परमेश्वरको वचनलाई व्याख्या गर्न | गुरुयोजनालाई प्रस्तुत गर्नु | प्रार्थनाको प्रशंसाको गीतः परमेश्वरको विश्वासयोग्यताको निम्ति धन्यवाद चढाउन |
| स्वस्थ मण्डली अवधारणा | सुसमाचार, चेलापन | आराधना | स्पष्ट दर्शनलाई संचार गर्न | सुसमाचार, चेलापन | अवधारणाको संक्षिप्त रुप | आराधना |

| | नमुना ७<br>समूह खडा गर्नु | नमुना ८<br>समूह खडा गर्नु | नमुना ९<br>मानिसलाई वास्ता गर्नु | नमुना १०<br>मण्डली स्थापना गर्नु | नमुना ११<br>भविष्यको निम्ति योजना गर्नु | नमुना १२<br>एकतामा अगाडि जानु |
|---|---|---|---|---|---|---|
| भक्तिगत | सुसमाचारद्वारा परिवर्तन हुनु | अनुग्रह भनेको नम्रताको लागि | प्रेम, सेवकाइको जग | ताकी संसारले विश्वास गर्न सकोस्, यूहन्ना १७ | मूल्यको गणना गर्नु | सम्पूर्ण संसारले नसुनेसम्म ! |
| पहिलो भाग | मण्डलीको निम्ति चाहिने बाइबलीय जगहरू | समूहमा गरिने कार्य: अरूहरूसँग प्रभावकारी बन्न | सम्बन्धगत सुसमाचार | मण्डलीले गर्ने सामूहकि कार्यहरू | भण्डारेपनको परिचय | संघर्षलाई निश्चित गर्नु |
| स्वस्थ मण्डली अवधारणा | अवधारणाको संक्षिप्त रुप | अगुवाहरूलाई शसक्ति करण गर्न | साना समूहका सदस्य हरूलाई वास्ता गर्नु | अवधारणको संक्षिप्त रूप | साधनहरूको भण्डारेपन | सङ्गति |
| दोस्रो भाग | त्यो मण्डली: एउटा जीवित अंग | समूहको विकास | सङ्गति | आत्मिक वरदानद्वारा गरिने सेवकाइ | रुपियाँ-पैसाको भण्डारेपन | पश्चात्ताप, जीवनको पद्दतीको रूपमा |
| स्वस्थ मण्डली अवधारणा | अवधारणाको संक्षिप्त रुप | अगुवाहरूलाई शसक्तिकरण गर्नु | सङ्गति | आत्मिक वरदानअनुसार शरीर लाई परिचालन गर्नु | भण्डारेपनका स्रोतहरू | सङ्गति |
| तेस्रो भाग | एउटा मण्डलीमा मानिसहरूको समूह कहिले हुन्छ ? | सानो समूहमा गरिने महत्वपूर्ण छलफल | हाम्रो समुदायलाई हेरचाह गर्नु | आत्मिक वरदानहरूको सर्वेक्षण को प्रयोग कसरी गर्ने ? | रणनैतिक योजनाको कार्यशाला १ | पश्चात्ताप र स्थापना: मण्डली अनुशासन |
| स्वस्थ मण्डली अवधारणा | अवधारणाको संक्षिप्त रुप | चेलापन | सुमाचार, पाठ र परिवेश | आत्मिक वरदानहरू अनुसार शरीरलाई परिचालन गर्न | | सङ्गति |
| चौथो भाग | गहन बाइबल अध्ययन तरिका ५: गहन बाइबल अध्ययनलाई प्रयोग गर्ने तरिकाहरू | नयाँ सानो समूहका अगुवाहरूलाई तालिम दिनु | बढीरहेका मण्डलीका विशेषताहरू | आत्मिक लडाइँका गतिशिलताहरू | | अगुवापनको शैलीहरू |
| स्वस्थ मण्डली अवधारणा | चेलापन | चेलापन, अगुवाहरूलाई शसक्तिकरण गर्न | अवधारणको संक्षिप्त रूप | सङ्गति | | अगुवाहरूलाई शसक्तिकरण गर्नु |
| पाँचौ भाग | खीष्टियन अगुवाहरूको छोटो जीवनी | अन्तरक्रियाका शैलीहरू | सेवकको अगुवापन | आराधनामा मण्डलीलाई कसरी अगुवाइ गर्ने ? | | हाम्रो मण्डली र येशू खीष्ट को सबैभन्दा ठूलो शरीर |
| स्वस्थ मण्डली अवधारणा | अगुवाहरूलाई शसक्तिकरण गर्नु | अगुवाहरूलाई शसक्तिकरण गर्नु | अगुवाहरूलाई शसक्तिकरण गर्नु | आराधना | | सङ्गति |
| छैटौं भाग | बाइबलीय प्रचार १: सन्देशलाई बुभ्नु | बाइबलीय प्रचार २: दर्शनलाई बुभ्नु | प्रार्थनाको प्रशंसाको गीत: एफिसी ३-५ | बाइबलीय प्रचार ३: आफैलाई बुभ्नु | | प्रार्थनाको प्रशंसाको गीत: सुस माचार प्रचारको लागि प्रार्थना |
| स्वस्थ मण्डली अवधारणा | आराधना | आराधना | सङ्गति | आराधना | स्रोतहरूको भण्डारेपन: स्पष्ट दर्शनलाई संचार गर्नु | सुसमाचार |

# मिसनमा वृद्धि

स्वस्थ मण्डली स्थापनाका नमुनाहरू

विस्तारित नेटवर्कका सेवकाइहरू

धेरै मण्डलीहरू/बलिया मण्डलीहरू

कपिराइट © २०१५

यो मण्डली स्थापना तालिमका सामग्रीहरू ओमेगा पाठ्यक्रमको संक्षिप्त स्वरूप, र मल्टिप्लिकेसन नेटवर्किङ्ग मिनिष्ट्रिजको स्वस्थ्य मण्डली स्थापनाका सामग्रीहरूको मिश्रण हो ।

एम.एन.एम ले मण्डलीको कामलाई कायम राख्नका लागि ट्रेनिङ्ग सेन्टर फर चर्च प्लान्टर्स र वर्ल्ड मिनिष्ट्रिबाट अनुमति प्राप्त गरिएको छ ।

तपाईंलाई यस सामग्रीलाई उत्पादन गर्न र वितरण गर्नलाई कुनै पनि स्वरूपमा निम्न प्रकारले अनुमति प्रदान गरिएको छ: १) तपाईंले यस पाठ्यक्रमको श्रेय दिनुहुन्छ, २) यदि कुनै कुरालाई सुधार गर्ने हो भने तपाईंले सूचित गर्नुहुन्छ, ३) यसलाई पुन उत्पादन गर्दा लाग्ने खर्चलाई तिर्न लगाउनुहुन्न, र ४) तपाईंले यसलाई १,००० प्रतिभन्दा बढी छपाउन सक्नुहुन्न ।

ओमेगा पाठ्यक्रम:
व्यवहारिक मण्डली स्थापनाको तालिम

कपिराइट © २०००, २००६ युनाइटेड वर्ल्ड मिसन
यस सामग्रीलाई सुरुमा अलाइन्स फर स्याचुरेसन चर्च प्लान्टिङको समूहले प्रतिलिपी अधिकार सुरक्षित गरेको थियो, र पिटर डेनेका रसिया मिनिस्ट्रिज २५० सँगको समन्वयात्मक साझेदारीमा तयार पारिएको थियो ।

यदि तपाईंले यस सामग्रीलाई इन्टरनेटमा राख्न चाहनुहुन्छ वा यी माथि दिइएको रूपरेखा भन्दा पनि बाहेक आफ्नै तरिकाले प्रयोग गर्ने चाहना राख्नुहुन्छ भने कृपया United World Mission मा सम्पर्क गर्नुहोस्, ATTN: Jay Weaver/omega, 9401-B southern Pine Blvd., charlotte, nc 28273-5596, or omega_course@alliancescp.org.

अनुवाद गर्ने र तपाईंको परिवेश अनुसार ढाल्नलाई पनि अनुमति प्रदान गरिएको छ ।

हामीले डा. जेरी ओफर्ड, र डा. जेफ हालेलाई धन्यवाद दिँदछौं किनकि यस महत्वपूर्ण सामग्रीलाई तयार गर्ने र वितरण गर्ने कार्यमा उहाँहरूको योगदान ठुलो छ ।

मिसनमा वृद्धिका सम्पादकहरू ग्रे तेजा र जुवान वागनभेल्ड

**www.multiplicationnetwork.org**

| | पहिलो दिनमा हुने नमुना १ तालिमको निम्ति प्रस्तावित तालिका | |
|---|---|---|
| | नमुना १ को परिचय | ८.०० |
| | आराधना | ८.१५ |
| | प्रतिवेदन प्रस्तुत | ८.३० |
| पहिलो भाग | स्वस्थ मण्डली भनेको के हो ? | ९.०० |
| | विश्राम | १०.०० |
| दोस्रो भाग | स्वस्थ मण्डली स्थापक भनेको के हो ? | १०.१५ |
| तेस्रो भाग | "जेड" विचार : परमेश्वरले के कुराको चाहना गर्नुहुन्छ ? | ११.१५ |
| | दिउँसोको खाना | १२.१५ |
| चौथो भाग | मण्डली स्थापना चक्र | १.१५ |
| पाँचौं भाग | किन साना समूहहरु ? | २.१५ |
| | बिश्राम | ३.१५ |
| छैटौं भाग | बाइबलले हामीलाई सिकाउने अनुमति प्रदान गर्नु :<br>गहन बाइबल अध्ययन तरिकाहरु, भाग १ | ३.३० |
| | अन्तिम समय | ४.३० |
| | पहिलो दिनको समाप्ति | ४.४५ |

# स्वस्थ मण्डली स्थापना
# नमुना १

**सिकाइको उद्देश्यः** सहभागीहरूले उनीहरूको आफ्नै शब्दमा निम्न कुराहरूलाई भन्न सक्षम हुनेछन्:

» स्वस्थ मण्डली भनेको के हो ?

» स्वस्थ मण्डली स्थापना गर्ने कार्य किन महत्वपूर्ण हुन्छ, र

» स्वस्थ मण्डली स्थापना गर्न चाहिने आधारभूत प्रकृयाहरू

## १. नमुना १ को परिचय

**स्वस्थ र अस्वस्थ मण्डलीका क्रियाकलापहरू**

# स्वस्थ मण्डलीको निम्ति बाइबलमा आधारित जगहरू

नयाँ स्वस्थ मण्डलीहरू स्थापनाको निम्ति पाँचवटा बाइबलीय कारणहरू यस प्रकार छन्:

**१. परमेश्वर ______________हुनुभएको कारण, उहाँले हराएकाहरूलाई ___ _________________ र __________________ गर्नुहुन्छ।**
मुख्य पदहरू: उत्पत्ति ३:९; भनजसंग्रह २३; लूका १४:१५-२४

**२. _________ ___________ले हामीलाई बाध्य पार्दछ।**
मुख्य पदहरू: २ कोरिन्थी ५:१४-२०; मत्ती १८:१२ १४; यूहन्ना १४:२३

**३. किनकि _________ _________सबै मानिसहरूको निम्ति पठाइएको छ।**
मुख्य पदहरू: प्रेरित २:५-११; १०:४४-४८; १:८

**४. किनकि स्थानीय मण्डली ____________________________________ को_____________________हो।**
मुख्य पदहरू: १ पत्रुस २:५, ९-१०,१२; कलस्सी १:१३-२३; रोमी १२:४-८

**५. किनकि नयाँ मण्डलीहरू स्थापना गर्नाले ________________________ ल्याँउछ।**
मुख्य पदहरू: एफिसी १:१-१४; प्रकाश ७:९-१२

**(३) प्रतिवेदन प्रस्तुत :**

मिसनमा बृद्धि पाठ्यक्रमलाई प्रयोग गरेर स्वस्थ मण्डलीहरू स्थापनाको समीक्षा गर्न सकिन्छ।

पिता - खोज्ने - भेट्टाउने - ख्रीष्टको प्रेम - पवित्र आत्मा - परमेश्वरको राज्यको शाखा - परमेश्वरलाई महिमा

## एउटा मण्डली स्थापनाको लागि चाहिने पाँचवटा कदमहरू

# मण्डली स्थापकको विवरण

मासिक प्रतिवेदन

## सामान्य जानकारी

| | | | | |
|---|---|---|---|---|
| **मासिक प्रतिवेदन** | | **मेन्टोरिँग भेलामा सहभागीता** | **छ** | **छैन** |
| **स्थापकको नाम** | | | | |
| **स्थापकको क्षेत्र** | | | | |
| **क्षेत्रीय निर्देशक** | | | | |

## व्यक्तिगत जानकारी

| | |
|---|---|
| **नयाँ सम्पर्कहरु**<br>मण्डली स्थापनाको सन्दर्भमा सुसमाचार प्रस्तुत गर्ने क्रममा सम्पर्क गरिएका व्यक्तिहरु | |
| **नयाँ जन्म पाएकाहरु**<br>येशूलाई ग्रहण गर्नेहरु | |
| **नयाँ बप्तिष्मा भएका व्यक्तिहरु**<br>वप्तिष्माको विधिमा सहभागी भएका व्यक्तिहरु | |
| **तालिममा नयाँ अगुवाहरु**<br>स्थापकले अगुवापनको लागि तालिम दिइरहेका व्यक्तिहरु | |

## सानो समूह । कम्तिमा २ जना नयाँ चेलाहरु र १ जना अगुवा

| | |
|---|---|
| **नयाँ सानो समूहहरु**<br>यो महिना शूरु भएका समूहहरु | |
| **सानो समूहमा नयाँ सहभागीहरु**<br>यो महिना सानो समूहमा सहभागी भएका नयाँ व्यक्तिहरु | |
| **समूह सहितको नयाँ अगुवाहरु**<br>मण्डली स्थापकको निरिक्षणमा सँचालित समूह सहितको नयाँ अगुवाहरु | |

## प्रार्थनाको अनुरोधहरु

१. ______________________________

२. ______________________________

३. ______________________________

## गवाहीहरु

______________________________

______________________________

______________________________

______________________________

______________________________

______________________________

# सेसन १

# स्वस्थ मण्डली भनेको के हो ?

## घटना अध्ययनः एउटा अस्वस्थ मण्डलीको कथा

जब पहिला होसन्ना मण्डली स्थापना गरिएको थियो, तब यो द्वन्द्व र पीडासँगै सुरु भयो । त्यस मण्डलीको इतिहास अनुसार होसन्ना मण्डली स्थापना गर्ने निर्णय मण्डलीका सदस्यहरूको बीचमा आएको द्वन्द्व र फुटको कारणले भयो । एक समूहले अवकाश दिएका बरिष्ठ पाष्टरलाई सम्मान प्रकट गरे, र अर्को समूहले वर्तमान् बरिष्ठ पाष्टरप्रति बफादार भए । अन्तमा मण्डलीले विश्वासीहरूलाई दुईवटा मण्डलीमा विभाजित गर्ने निर्णय गऱ्यो । नयाँ सदस्यहरूका समूहले आफ्नो मण्डलीको नाउँ होसन्ना मण्डली राखे, र त्यस नयाँ मण्डलीमा ती नयाँ विश्वासीहरूले पहिलो बरिष्ठ पाष्टरको रूपमा लीलाई नियुक्त गरे । केही समयमा नै उनी र एल्डरहरूका बिचमा मनमुटाव हुन पुग्यो र केही विश्वासीहरूलाई लिएर ती एल्डरहरू त्यस मण्डलीबाट छुट्टिए ।

त्यस मण्डलीमा रहेका प्रत्येक एल्डरहरू ५५ वर्ष भन्दा माथिका नै थिए । पाका र युवा मानिसहरू दुवैमा मण्डलीको नेतृत्व प्रति ठुलो अविश्वास थियो । यो अविश्वास नै एउटा कारण बन्यो, जसले गर्दा अगाडिको समूहबाट होसन्ना मण्डली अलगिगएको थियो । होसन्ना मण्डलीले पनि त्यो नयाँ बनाइएको दिशाको परिवर्तनलाई सजिलै स्वीकार गर्न सकेन । जसै त्यो मण्डलीको संरचना बुढापाकाहरूद्वारा बनेको थियो, तब होसन्ना मण्डलीले त्यो मुख्य मण्डली समुदायलाई आवश्यक कुराहरूको परिवर्तन गर्न अझ बढी कठिन भएको पायो ।

त्यो परम्परावादी आराधनाको शैली ठुलो समस्या थियो किनकि ती पुराना मण्डलीका सदस्यहरूले मात्र यसलाई प्रशंसा गर्थे । त्यो भवनमा १,००० जना जति मानिसहरू अट्ने क्षमता थियो तर आइतवारको आराधना सेवामा २०० जना जति मानिसहरू उपस्थिति हुन्थे । यी समस्याहरू हिउँ चुलिएजस्तै चुलिएका थिए ।

त्यो मण्डलीको आर्थिक अवस्था एकदमै बिग्रिएको थियो । मण्डलीको आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा उनीहरूले जाडो समयमा पनि हिटरको प्रयोग गरेनन् । गर्मी बेलामा पनि पंखा र ए.सिको प्रयोग गर्नु उही खालको समस्या थियो । त्यो मण्डली ऋणमा परेको थियो । अझ खराब कुरा त यो थियो कि मण्डलीका अगुवाहरूले पनि दशांश दिँदैन थिए । नयाँ विश्वासीहरूलाई गरिने अनुगमनको व्यवस्था पनि राम्रो थिएन । साना समूहहरू केवल महिलाहरूको निम्ति औपचारिक समूह थिए, र अन्य साना समूहहरू मण्डलीका सदस्यहरूको निम्ति थिए । यी समूहहरूले सुसमाचारद्वारा वृद्धि गर्ने काम गरिरहेका थिएनन् ।

एक-अर्कामा भएका निरन्तर समस्याहरू, विभाजन कार्य र अविश्वास होसन्ना मण्डलीमा भएका बाधा ल्याउने तत्वहरू थिए । होसन्ना मण्डलीलाई आफ्नो स्वास्थ्य अवस्था प्राप्त गर्न जानु भन्दा पहिला नै यो कथाले होसन्ना मण्डलीको दुःखद अवस्थाको संक्षिप्त बयान गर्दछ ।

यो कथा पनि पार्क एच. डब्लूबाट सन् २००९ मा लिइएको हो । यो एउटा होसन्ना मण्डलीको घटनाको अध्ययनद्वारा पुनः जीवित पार्ने प्रभावकारी रणनीति थियो (डाक्टरीय अनुसन्धानको पुस्तक, स्वतन्त्र ब्याप्टिष्ट ईश्वरशास्त्रीय सेमिनारी)[1].

## स्वस्थ मण्डलीमा हुने १० वटा विशेषताहरू




| **पाँच तत्वहरू** | **पाँच कार्यहरू** |
|---|---|
| दर्शन | सुसमाचार |
| अगुवापन | चेलापन |
| परिचालित समूह | सेवा |
| स्रोतहरू | सङ्गति |
| पाठ र परिवेश | आराधना |

पाँचवटा तत्वहरु - दर्शन - अगुवापन - परिचालित समूह - स्रोतहरु - पाठ र परिवेश(सन्दर्भ) - पाँचवटा कार्यहरु - सुसमाचार - चेलापन - सेवा - सङ्गति - आराधना

[1] Retrieved from *http://digitalcommons.liberty.edu/cgi/viewcontentcgi?article=1170&context=doctoral*

# स्वस्थ मण्डलीका पाँचवटा तत्वहरू

**१. स्पष्ट**__________

परिभाषाः दर्शन हुनु भनेको भविष्यलाई अगाडि ________ स्पष्ट मानसिक तस्बिर बनाउनु हो र ____________ले तपाइ ____________ चाहना गर्नुभएको कुरालाई उहाँको _______________________को निम्ति प्राप्त गर्नु हो ।

“परमेश्वरले के कुरा भएको र गरेको चाहना राख्नुहुन्छ भनेर मण्डलीले स्पष्ट रूपमा देख्नुपर्छ ताकि येशू ख्रीष्टको शरीरले त्यो समुदायमा उनको नयाँ सृष्टिलाई देखाएर प्रकट गर्ने कार्यलाई सेवा पुऱ्याउनेछ” ।

तपाईंले स्थापना गर्नुभएको मण्डलीलाई ______________ले कस्तो भएको र कस्तो कार्य गर्ने चाहना राख्नुहुन्छ ? तपाईंको तालिम अवधिमा तपाईंले आफ्नो दर्शनको बारेमा लेख्नुहुनेछ, र त्यसले तपाईंलाई परमेश्वरले कस्तो बन्न र मण्डलीको रूपमा कस्तो कार्य गर्न बोलाउनुभएको छ भनेर छोट्याउने गर्दछ । तपाईंको सेवकाइमा रहिरहनलाई यसले कस्तो खालको जोड दिँदछ भनेर यसलाई प्रयोग गर्नुहोस् ।

**२. ______________लाई शक्तिशाली बनाउनु**

परिभाषाः ख्रीष्टियन नेतृत्वपनलाई निम्न तरिकाले परिभाषित गर्न सकिन्छः “ख्रीष्टियन अगुवाहरू ________ (चरित्र) मा समर्पित भएका मानिसहरू हुन्, जसले तिनीहरू _ __________गइरहेका छन् भनेर जान्दछन् (दर्शन) र जोसँग _________________ पनि छन् (प्रभाव)” ।

“त्यो मण्डलीमा मानिसहरूले सेवा पुऱ्याइरहेका हुन्छन्, जसले यसको दर्शनलाई बुझ्न सक्छन्, र मण्डली समुदायमा स्पष्ट रूपमा सँचार गर्न सक्छन्, र दर्शनलाई वास्तविक बनाउन येशू ख्रीष्टको शरीरलाई पनि व्यवस्थित गर्न सक्छन्” ।

२ तिमोथी २:२

पावलले गरेको कुराहरु :।

क. उनले अगुवाहरूको निम्ति _____________ प्रदान गरे । उनले तिनीहरूलाई कामको _____________पनि दिए ।

ख. उनी तिनीहरूलाई _____________गर्नलाई समर्पित थिए ।

ग. उनले तिनीहरूमाथि ___________गरे ।

**३. परिचालित** _________________

परिभाषाः मण्डलीका सदस्यहरूले सँगसँगै मिलेर आ-आफ्ना ____________लाई जिम्मेवारीपूर्वक ___________र___________मा प्रयोग गरेका थिए ।

| |
|---|
| दर्शन - हेरेर - परमेश्वर - द्वारा - छुटकाराको उद्देश्य - परमेश्वर - नेतृत्वपन - परमेश्वर - कता - पछ्याउने व्यक्तिहरु - ठाँउ - जिम्मेवारी - तयार - भरोसा - समूह - वरदानहरु - मण्डली - समुदाय |

“प्रत्येक जनाले आफूले पाएका वरदानहरूलाई अरूको सेवा गर्न, परमेश्वरको अनुग्रहलाई विभिन्न रूपमा प्रयोग गर्नुपर्दछ । यदि कसैले बोल्दछ भने परमेश्वरको वचन बोलेजस्तै त्यसले बोलोस् । यदि कसैले सेवा गर्छ भने परमेश्वरले दिनुभएको शक्तिद्वारा त्यसले त्यो गरोस्, यस हेतुले कि सबै कुरामा येशू ख्रीष्टद्वारा परमेश्वरलाई नै प्रशंसा होस् । उहाँलाई नै महिमा र पराक्रम सदासर्वदा होस् । आमेन् ” (१ पत्रुस ४:१०-११) ।

***सदस्यहरूलाई परिचालन गर्दा चाहिने पाँचवटा व्यवहारिक कदमहरू:***

अ. सम्पूर्ण____________लाई परिचालन गर्न तपाईंको नेतृत्वपनलाई तयार गर्नुहोस् ।

आ. ________________ ____________को बारेमा र भण्डारेपनको ______________को बारेमा सिकाउनुहोस् ।

इ. त्यस मण्डली समुदायमा भएका हरेक विश्वासीको _____________र_____________ लाई पहिचान गर्नुहोस् ।

ई. प्रत्येक सदस्यलाई ____________वा_________को क्षेत्रमा कार्य गर्न भन्नुहोस् ।

उ. मण्डलीका विविध क्षेत्रहरू <u>कसरी</u> बढिरहेका छन् र त्यसमा आवश्यक ____________ गर्न सकिन्छ भनेर नजर लगाइरहनुहोस् ।

## ४. <u>स्रोतहरू</u>को भण्डारेपन

**परिभाषा:** मण्डलीले आफ्नो सदस्यहरूसँग भएका ________________,_____________र _____________लाई असल ___________मा ढाल्नको लागि चुनौती दिनुपर्दछ । भण्डारेपनमा यी साधनहरू र आर्थिक वरदानहरूलाई प्रयोग गरिन्छन्, जसमा परमेश्वरको राज्यको कार्य ________________मा र यसको___________मा पनि पूरा गरिनुपर्ने हुन्छ ।

“आफ्नो धन-सम्पत्ति र आफ्ना सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर, तब तेरा ढुकुटीहरू पोखुञ्जेल भरिनेछन्, र तेरा भाँडाहरू नयाँ मद्यले चुलिएर पोखिनेछन्” (हितोपदेश ३:९-१०) ।

## ५. __________ र __________ बिचको सम्बन्ध:

परिभाषा: एउटा स्वस्थ मण्डलीलाई यसको प्रसङ्गमा गणना गरेर लिइन्छ (भौगोलिक अवस्था, सामाजिक र आर्थिक तत्वहरू, संस्कृति आदि) । जब येशू ख्रीष्टको सुसमाचारको _______ परिवर्तन हुँदैन तर सुनाउने ___________________ फरक हुन सक्छ ।

“सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो र यो सिकाउनलाई, अर्ति दिनलाई, सच्चयाउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ, ता कि परमेश्वरका जन हरेक सुकर्ममा पूर्णरूपले सुसज्जित भई सिद्ध भएको होस्” (२ तिमोथी ३:१६-१७) ।

| |
|---|
| मण्डली - आत्मिक - वरदानहरु - क्षमता - वरदानहरु - चाहना - सेवकाई - सेवा - कसरी - समायोजन - स्रोतहरु - भण्डारेपन - सम्पत्तीहरु - स्रोतहरु - थोकहरु - मण्डली - समुदाय - खण्ड - सन्दर्भ - सन्देश - तरीकाहरु |

# स्वस्थ मण्डलीका पाँचवटा कार्यहरू

## १.__________

परिभाषाः मण्डलीले येशू ख्रीष्टको सुसमाचारलाई __________र_________द्वारा _____________ गर्दछ, र मानिसहरूलाई परमेश्वरको राज्यको अंश बन्नलाई __ _____________ गर्दछ (प्रेरित १:८) ।

"र परमेश्वरको प्रशंसा गर्दै र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे । उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्या थपिदिनुहुन्थ्यो" (प्रेरित २:४७) ।

## २. __________

परिभाषाः मण्डलीले मानिसहरूले ______________लाई अझ स्पष्ट रूपमा हेर्नलाई मद्दत गर्दछ, र तिनीहरूको जीवनको निम्ति उनको _______________लाई पहिचान गर्ने बनाउँदछ, र जीवनका ______ पक्षहरूमा उहाँलाई पछ्याउँदाखेरि तिनीहरू _____________ बन्दछन् (२ पत्रुस ३:१८) ।

"तिनीहरू प्रेरितहरूका शिक्षा, सङगति, र ... भक्तिसाथ लागिरहन्थे (प्रेरित २:४२)"

चेलापनका चारवटा तत्वहरु (C's):

१. _________________
२. _________________
३. _________________
४. _________________

## ३. __________

परिभाषाः मण्डलीले मानिसहरूको खाँचोहरुलाई येशू ख्रीष्टको ______________मा बताउने गर्दछ, र तिनीहरूलाई उहाँको ___________ बन्न _________ गर्दछ ।

"तिमीहरूले आफ्ना सम्पत्ति र मालमत्ता बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँडिदिन्थे...र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे..." (प्रेरित २:४५, ४७) ।

***सेवकाइ र सुसमाचारका बिचमा भएका तिन किसिमका सम्बन्धहरू***

अ. सुसमाचारको _____________ले ल्याएको सेवकाइः ख्रीष्टमा भएको परिवर्तनले हामीलाई अरूहरूको खाँचो पुरा गर्न इच्छुक र ध्यान खिच्ने खालको बनाउँदछ ।

आ. सेवकाइलाई सुसमाचारको ___________को रूपमा लिइएकोः अरूहरूलाई पुऱ्याएको सेवकाइ सुरुको विन्दुमा रहन्छ, र त्यसले पछिबाट गएर तिनीहरूलाई सुसमाचार सुन्ने इच्छा प्रकट गराउँदछ ।

इ. सेवकाइमा सुसमाचारलाई________________ : अरूहरूलाई सेवा गर्दाखेरि येशू ख्रीष्टको बारेमा बताउनुपर्दछ ।

सुसमाचार -वचन - कार्य - घोषणा - निमन्त्रणा - चेलापन - परमेश्वर - ईच्छा - सबै - सुसज्जित - आचरण - चरित्र - सन्देश - समर्पणता - सेवा - खाँचोहरु - नाउँ - चेलाहरु - निमन्त्रणा - परिणाम - पुल - सँगसँगै लानु

**४.** ______________

परिभाषाः येशू ख्रीष्टको _____________र _________लाई देखाएर सदस्यहरूले एक-अर्काको ________लाई उठाउन सहायता गर्नुपर्छ ।

“तिनीहरू...संगतिमा भक्तिसाथ लागिरहन्थे । विश्वास गर्नेहरू सबै एकसाथ बस्थे, र सबै थोक साझा थिए...तिनीहरू एकै मनका भइ मन्दिरमा एकसाथ
उपस्थिति हुन्थे” (प्रेरित २:४२, ४४,४६)

**५.** ______________

परिभाषाः मण्डली परमेश्वरको _________________________को रूपमा पितालाई ___________, __________र___________मा, तिनीहरू आफैलाइ__________ र __________मा समर्पित गरेर भेटघाट गर्ने गर्छन् ।

“तिनीहरू रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे...र परमेश्वरको प्रशंसा गर्दै...” (प्रेरित २:४२,४७)

***सानो समूहको क्रियाकलापः जब म संम्झने गर्छु......***

म (अनुभवको क्षणलाई उल्लेख गर्नुहोस्) लाई सम्झन्छु ;
यसले मलाई (अनुभव भएको कुरा लेख्नुहोस्) बनायो,
यसैले मैले (तपाईले चाल्नुभएको कदम लेख्नुहोस्),
किनकि(किन तपाईले त्यो कदम चाल्नुभयो लेख्नुहोस्) ।

स्वस्थ मण्डलीले लिएको अनुभवको उदाहरण : जब मेरो पास्टरले मलाई चेला बनाउने समय लिनुभयो, तब मैले यो कुरालाई सम्झन्छु; यसले मलाई यस्तो महशूस गरायो कि म उनको निम्ति र मण्डलीको निम्ति पनि मूल्यवान थिएँ, यसैले म आफैले नयाँ सदस्यहरूलाई सिकाउने चाहना गरें, र मैले ती नयाँ सदस्यहरू पनि मण्डलीमा मूल्यवान छन् भन्ने कुराको जानकारी गराउँदछु ।

अस्वस्थ मण्डलीकाअस्वस्थ मण्डलीको अनुभवको उदाहरणः जब म मेरो छिमेकमा भएको मण्डलीमा गएको सम्झन्छु जहाँ कसैले पनि मलाई अभिवादन गरेनन्, र यसले मलाई कसैले पनि वास्ता गर्दो रहेनछन कि क्या हो भन्ने बनायो । त्यसैले  म त्यो मण्डलीमा कहिल्यै पनि फर्केर गइनँ किनकि म त्यस मण्डलीमा जान चाहन्छु, जहाँ सबैजनालाई वास्ता गरिन्छ ।

संगति - प्रेम - दया - बोझ - आराधना - परिवार - आराधना - स्वीकार - कृतज्ञता - प्रार्थना - सेवा

## सेसन २

# स्वस्थ मण्डली स्थापक भनेको के हो ?

### स्वस्थ मण्डली स्थापकका पाँचवटा सूचकहरू




| |
|---|
| बोलाईएको - विश्वास - जीवन - साथी - दर्शन देख्ने - स्पष्ट - निर्माण गर्नु - अर्न्तक्रिया - अनुकुल - लचकदार - सर्वाङिण - समर्पित - आत्मिक - कार्यात्मक - घाताङ्कीय - अघि बढाउनु |

**मण्डली स्थापनाको तहको निम्ति मेरो निश्चयतालाई मुल्याङ्कन गर्नु**

*दिइएको आत्म मुल्याङ्कन गर्नलाई भन्नुहोस्, र निश्चयता निर्माण गर्ने योजनालाई पूरा गर्नलाई भन्नुहोस् ।*

म मण्डली स्थापकको रूपमा मेरो विगतको आचरणहरू र अनुभवलाई आधार बनाएर...........

१. म मेरो विश्वासलाई निरन्तररूपमा अभ्यास गर्नेछु, र शक्तिशाली भक्तिगत जीवनलाई कायम गर्नेछु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

२. म आत्म उत्प्रेरित भएको हुनेछु, र त्यहाँ गरिने सुपरिवेक्षणबिना नै कार्य गर्नेछु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

३. मलाई मेरो जीवन साथीले सहायता गर्छिन् ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

४. एउटा स्वस्थ मण्डली स्थापना गर्ने सम्बन्धमा मैले स्पष्ट तस्विरको कल्पन गर्न सक्छु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

५. मसँग समुह निर्माण गर्ने खुबी छ, जसले भविष्यको तस्विरलाई प्राप्त गर्न सक्छ ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

६. म मेरो मण्डली स्थापना गर्ने सन्दर्भलाई राम्ररी अंगाल्ने गर्छु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

७. मैले मेरो समुदायभित्र राम्रो सम्बन्ध स्थापित गरेको छु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

८. म मानिसहरू र परिवेशहरूसँग सामना गर्दा लचिलो बन्नेछु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

९. म नयाँ मण्डलीलाई आत्मिक रूपमा बढाउनको निम्ति अगुवाइ गर्नेछु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

१०. म नयाँ मण्डलीलाई प्रभावकारी संगठनको रूपमा वृद्धि गराउनलाई अगुवाइ गर्नेछु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

११. म त्यस मण्डलीलाई संख्यात्मक रूपमा वृद्धि गर्न यसका समुदायमा सदस्यहरूद्वारा पुग्नलाई अगुवाइ गर्नेछु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

१२. म संगतिको निम्ति पर्याप्त संख्यामा अर्थपूर्ण मौकाहरू प्रदान गर्नलाई रचना गर्नेछु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

१३. मैले त्यो अन्दरद्वन्द्वलाई स्वस्थ तरिकाले सम्हाल्नेछु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

१४. म अरूहरूको सेवकाइमा संलग्न हुनेछु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

१५. मैले अरूहरूलाई तिनीहरूको आत्मिक वरदानलाई पत्ता लगाउन र प्रयोग गर्न मद्दत गर्नेछु ।

☐ तल्लो निश्चयता ☐ केही निश्चयता ☐ उच्च निश्चयता

## मेरो योजना निश्चयता वृद्धि गर्नको लागि

१. क्षेत्र १ के हो, जसमा मैले अहिले नै निश्चयताको पक्का गर्नुपर्ने खाँचो हुन्छ ?

२. मैले तुरुन्तै कस्तो खालको कदम चाल्न सक्छु, जसले यस क्षेत्रमा भएको निश्चयतालाई निर्माण गर्न सहायता पुऱ्याउदछ ?

३. तपाईंका क्षेत्रहरूको उच्च निश्चयताकासाथ अवलोकन गर्नुहोस् । तपाईं मण्डली स्थापक भएर यिनीहरू तपाईंका मुख्य शक्ति भएजस्तो देखिन्छन् । यी शक्तिहरूलाई तपाईंले तुरुन्तै तपाईंको मण्डली स्थापकको प्रयासमा के कस्ता कदमहरूलाई लिन सक्नुहुन्छ ?

४. कसको निम्ति मैले यो कुरालाई जान्न सक्छु, कि उनले मलाई प्रार्थनामा सहायता गर्न सक्छन्, र मैले मेरो कार्यको निश्चयतालाई वृद्धि गर्दा मलाई जिम्मेवारीपूर्वक पक्रिराखिन्छ, र मेरो धेरैजसो बललाई योग्य पार्ने गरिन्छ ?

## वैकल्पिक क्रियाकलापका निर्देशनहरूः

- तल दिइएको आत्म-मुल्याङ्कनको तालिकालाई प्रयोग गरेर स्वस्थ मण्डली स्थापनाको नमुनाको सम्बन्धमा सहभागीहरूले तिनीहरूको अनुभवलाई बुझेर अझ गहिराइमा जानको लागि मद्दत गर्नुपर्छ।

**मण्डली स्थापनाको अंक तालिकामा मेरो निश्चयताको तहलाई मुल्याङ्कन गर्नु**

| तल्लो निश्चयता | केही निश्चयता | उच्च निश्चयता | पूर्ण नम्बर |
|---|---|---|---|
| तल दिइएको बाकसमा हरेक प्रश्नको सूची बनाउनुहोस् जसमा तपाईंले तल्लो निश्चयतामा प्रतिक्रिया जनाउनुभयो। नमुनाको लागि : १, ६, ७ | तल दिइएको वाकसमा हरेक प्रश्नको सूची बनाउनुहोस्, जसमा तपाईंले केही निश्चयतामा प्रतिक्रिया जनाउनुभयो। नमुना को लागिः २, ८, १० | तल दिइएको बाकसमा हरेक प्रश्नको सूची बनाउनुहोस्, जसमा तपाईंले उच्च निश्चयतामा प्रतिक्रिया जनाउनुभयो। नमुनाको लागिः ३, ११, १५ | |
| | | | |
| तल दिइएको कोठामा, प्रश्नका जम्माजम्मी संख्यालाई लेख्नुहोस्, जसमा तपाईंले तल्लो निश्चयतामा प्रतिक्रिया जनाउनुभयो, नमुनाको लागि, यदि तपाईंले तीनवटा प्रश्नहरूको जवाफ तल्लो निश्चयता लेख्नुभयो भने, त्यस बाकसमा नम्बर “३” लेख्नुहोस्। | तल दिइएको बाकसमा प्रश्नको जम्माजम्मी संख्यालाई लेख्नुहोस् जसमा तपाईंले केही निश्चयतामा प्रतिक्रिया जनाउनुभयो, र त्यो संख्यालाई २ ले गुणन गर्नुहोस्, उदाहरणको लागि, यदि तपाईंले ३ वटा प्रश्नहरूमा केही निश्चयताका साथ प्रतिक्रिया जनाउनु भयो भने, ३ लाई २ ले गुणन गर्नुहोस् , र त्यो बाकसमा नम्बर ६ लेख्नुहोस्। | तल दिइएको बाकसमा, प्रश्नका जम्माजम्मी संख्यालाई लेख्नुहोस्, जसमा तपाईंले उच्च निश्चयतामा प्रतिक्रिया जनाउनुभयो, र त्यो संख्यालाई ३ ले गुणन गर्नुहोस। उदाहरणको लागि, यदि तपाईंले ३ वटा प्रश्नहरूमा उच्च निश्चयताका साथ प्रतिक्रिया जनाउनु भयो भने, ३ लाई ३ ले गुणन गर्नुहोस् , र त्यो बाकसमा नम्बर ९ लेख्नुहोस्। | तल दिइएको कोठामा तल्लो, केही र उच्च निश्चयताको योगफललाई लेख्नुहोस्। उदाहरणको लागि, यदि तपाईंको तल्लोमा ३, केहीमा ६, र उच्चमा ९ हुन्छ भने, तपाईंको जम्मा योगफल ३ + ६ + ९ =१८ हुन्छ। |
| | | | |

**योगफलको सीमा :**
सम्पूर्ण तल्लो निश्चयताः १५-२५
सम्पूर्ण केही निश्चयताः २६-३५
सम्पूर्ण उच्च निश्चयताः ३६-४६



- तपाईंले तीनवटा निश्चयताका समूहलाई सँगसँगै मिलाउँदा आएको प्रश्नलाई जाँच गर्नुहोस्। के तपाईंले यी प्रश्नहरूको बीचमा कुनै समान कुरा पत्ता लगाउनुहुन्छ ?
- तपाईंको सम्पूर्ण निश्चयताको तहको अंकलाई विचार गर्नुहोस्। कसरी तपाईंको पूर्ण अङ्कले त्यहाँ मिसाइएका तीनवटा निश्चयताका तहहरूलाई योगदान गर्न सक्छन्? यसले तपाईंको मण्डली स्थापकको तयारीलाई कस्तो खालको सुझाव दिँदछ ?

कृपया यो आत्म-मुल्याङ्कनको साधनलाई याद गर्नुहोस्, जसले मण्डली संस्थापकलाई मण्डली स्थापनाको कार्यमा उनको तयारीपनलाई प्रकट गर्दछ । यो साधनले सफलतालाई बताउने गर्दैन वा मण्डली स्थापकको रूपमा सफलताको कमी हुन्छ। त्योभन्दा बरु यसले आत्म-प्रकटीकरणको द्वारलाई खुल्ला गरिदिन्छ, र कसैको सहकर्मी मण्डली संस्थापकसँग उत्पादनशील कुराकानी हुँदछ, र त्यहाँ कसैको मण्डलीको स्थापनाका सहजकर्ता, सहयोगी वा सुपरिवेक्षक हुँदछन् ।

## सेसन ३

# “जेड” विचार:

## परमेश्वरले के चाहना गर्नुहुन्छ? (६० मिनेट)

**“जेड” विचार भनेको के हो ? (१५ मिनेट)**

सोध्नुहोस्, “जेड विचार भनेको के हो ?” । “जेड” विचार भनेको परमेश्वरले अन्तमा राष्ट्र, क्षेत्र, सहर, गाउँ वा छिमेकको निम्ति चाहना गर्नुभएको ____________________हो । “जेड” लाई यस अर्थमा प्रयोग गरिन्छ, किनकि यो अंग्रेजी वर्णमालाको अन्तमा आएको छ, र यो अन्तिम अक्षर पनि हो, जस्तो कि ओमेगाले ग्रीक वर्णमालाको अन्तिम अक्षर हो ।

**पढ्नुहोस् :**

यशैया ११:९, ६५:१२-२५ र प्रकाश २१:१-४, २२-२७; २२:१-५

**मनन गर्नुहोस् :**

- कसरी यी पाठहरूले “अन्तिम समयको खेल” भनेर वर्णन गर्दछन् (परमेश्वरले चाहना गर्नुभएको त्यो अन्तिम कुरा) ?
- स्वर्गलाई मात्र जोड दिएर नयाँ पृथ्वीलाई जोड नदिँदा हुने खतरा कस्तो हुन्छ ?

**पढ्नुहोस् :**

मर्कूस १३:१०; मत्ती २४:१४; लूका २४:४५-४७; कलस्सी १:६; यूहन्ना ३:१६; १ तिमोथी २:३-४; २ पत्रुस ३:९; र २ कोरिन्थी ५:९

**मनन गर्नुहोस् :**

- सुसमाचार लिएर जानको निम्ति यी पदहरूले हामीलाइ परमेश्वरको योजनाको बारेमा के कुरा बताउँदछन् ?
- परमेश्वरले चाहनु भएको अन्तिम परिणामलाई कसरी प्राप्त गर्नुहुन्छ ?
- परमेश्वरले चाहना गर्नुभएको अन्तिम परिणामलाई प्राप्त गर्न उहाँले प्रयोग गर्नुहुने पहिलो साधन के हो ?
- परमेश्वरले अन्य के कस्ता साधनहरुलाई आज प्रभावकारी तरिकाले प्रयोग गर्दैहुनुहुन्छ ?

**पढ्नुहोस् :**

मत्ती २८:१८-२०, प्रेरित १:८, एफिसी ३:१०

**मनन गर्नुहोस् :**

- त्यो समूहलाई निम्न प्रश्न सोध्नुहोस: यी पदहरूले हाम्रो कार्यको बारेमा परमेश्वरको चाहनालाई यस संसारमा पूरा गर्न के कुरा बताउन सक्छन् ?



अन्तिम परिणाम

**"जेड" सम्म पुग्नको लागि आवश्यक केही कदमहरू (१५ मिनेट)**

**क. प्रार्थनाः** २ इतिहास ७:१४; मत्ती ९:३८
हामीले हाम्रो "जेड" भन्ने चाहनालाई प्राप्त गर्न के कुरामा प्रार्थना गर्नुपर्छ ?

**ख. प्रेम र एकताः** यूहन्ना १३:३५; १७:२०-२३
"जेड" लाई प्राप्त गर्न किन प्रेम र एकता आवश्यक छ ?

**ग. दर्शनः** यूहन्ना ३:१६; १ यूहन्ना २:२; मत्ती ९:३७
यी पदहरूले हामीलाई परमेश्वरको दर्शनको बारेमा के कुरा बताउँदछन् ?

**घ. सुसमाचारः** रोमी १०:१४-१५
कसरी हामीले हाम्रो आफ्नो क्षेत्रका अविश्वासीहरूलाई गवाही दिने मौका प्राप्त गर्न सक्छौं ? कसरी विश्वासीहरू तिनीहरूको पहुँचमा रहेका विश्वासी साथीहरू भन्दा बाहिरका अविश्वासीहरूकहाँ पुग्न सक्छन् ?

**ङ. मण्डली स्थापनाः** एफिसी ३:८-११, ४:११-१३
परमेश्वरले उहाँका मानिसहरूलाई कस्तो कार्य गरेको चाहना राख्नुहुन्छ ?

जब नयाँ मण्डली स्थापना गरिन्छ, तब विश्वासीहरू ती वरपरका छिमेकीहरूकोमा पुग्छन्  जहाँ नयाँ मण्डली विना सुसमाचार पुग्न सकेको हुँदैन । यस्तो हुनुको कारणहरू के-कस्ता छन् ? यदि तपाईंले यस्तो कुरा भएको अवस्थालाई जान्नुहुन्छ भने, यसको बारेमा समूहलाई बताउनुहोस्, र के भयो भनेर छलफल गर्नुहोस् ।

## “जेड” विचारको परिणाम स्वरुप “जेड”कार्य आँउछ

“जेड” विचारको परिणामबाट आएका दुईवटा कार्यहरू “जेड” __________र “जेड” _____________हो ।

१. मण्डली स्थापनाको काम हुनको लागि उत्तर दिइनु पर्ने केहि रणनैतिक प्रश्नहरू के कस्ता हुन् ?
२. मण्डलीले नयाँ मण्डली स्थापनाको उन्नति हुँदैगर्दा निर्माण गरिनु पर्ने केहि योजनाहरु के कस्ता हुन् ?

## स्थलगत गृहकार्यः तपाईंको “जेड” योजना

**गृहकार्यः**

१. तपाईंको सहर वा गाउँको एउटा नक्सा तयार पार्नुहोस्, जहाँ तपाईंले एउटा मण्डली स्थापना गर्ने योजना गर्नुभएको छ । तपाईंको सहर वा गाउँमा भएका सके जतिका धेरै सुसमाचारीय मण्डलीहरूलाई देखाउनुहोस्, र तिनीहरूको नक्सामा उपयुक्त हुने आकारलाई सूचीत गर्नुहोस् । त्यस सहर वा गाउँको जनसंख्यालाई पनि पत्ता लगाउनुहोस् ।

खीष्टियन अगुवाहरूलाई पनि यसो भनिएको हुन्छ, कि मण्डलीमा “अलग्याइने” कार्यको विपरिततामा हरेक १,००० जना मानिसको निम्ति एउटा सुसमाचारीय मण्डली हुनुपर्छ । यदि हामीले हरेक १,००० जना मानिसको निम्ति एउटा मण्डली हुनुपर्छ भन्ने विचारलाई अंगाल्ने हो भने, त्यो गाउँ वा सहरमा कति धेरै मण्डलीहरू स्थापना गर्नुपर्ने खाँचो हुन्छ, जहाँ तपाईंले मण्डली स्थापना हुनुपर्छ भनेर मान्यता राख्नुहुन्छ ?

२. तपाईंको मण्डली स्थापनाको प्रयासको निम्ति गरिएको योजनालाई विचार गर्न सुरु गर्नुहोस्, जसमा प्रार्थना, एकता, प्रेम, दर्शन, सुसमाचार, र मण्डली स्थापनाको कार्य हुने गर्दछ । सुरुमा आएका केही विचारहरूलाई लेख्नुहोस्, र यस भागको निम्ति कुनै तालिम दिने व्यक्ति वा सहजकर्तासँग तिनीहरूको बारेमा बताउनुहोस् ।

३. तपाईंको आफ्नो छिमेक, गाउँ, सहर, क्षेत्र, वा देशको बारेमा विचार गर्नुहोस् । तपाईंले तल दिइएका प्रश्नहरूको उत्तरलाई पनि विचार गर्नुहोस्:

- “परमेश्वरले के कुराको चाहना गर्नुहुन्छ.........................” (सहर, गाउँ वा छिमेकको नाउँ दिनुहोस्, जहाँ तपाईंले नयाँ मण्डली स्थापना गर्ने योजना गर्नुहुन्छ) ? तपाईंले एक अनुच्छेदमा यसको उत्तरलाई लेख्नुहोस् ।
- तपाईंको क्षेत्रमा “जेड” भन्ने कुरा हुन्छ भनेर, तपाईंले त्यस्तो कार्य गरेर मद्दत गर्नुहुन्छ भनेर तीनवटा वस्तुहरूको सूची बनाउनुहोस् ।

## "जेड दिनु" लाई प्राप्त गर्नु !

**पढ्नुहोस् :**

२ कोरिन्थी ८:७ र ९:६-७ लाई पढ्न लगाउनुहोस् ।

कसरी हामी यो कुरामा निश्चित हुन सक्छौं, कि मण्डली स्थापकको लागि चाहिने रुपियाँ पैसा दिइनेछ ?

**मण्डली स्थापनाका कोषमा हुने दुईवटा सिद्धान्तहरू**

१. ______________________ राख्नु

२. ______________________

**पढ्नुहोस् :**

फिलिप्पी ४:६-७; ११-१३, १९

नयाँ मण्डली स्थापनाको लागि चाहिने आर्थिक तरिकाहरू

१. ___________ मण्डलीबाट सहायता
२. ___________,_____________वा ___________बाट सहायता
३. एउटा _____________सहयोगी समूह
४. ___________, ___________ र ___________बाट सहायता
५. ___________ बिक्रीबाट आएको सहायता
६. घरेलु कामबाट आएको ______________ तलबको सहायता
७. __________________ सेवकाई

परमेश्वरमा भरोसा - सन्तुष्टता - आमा -सम्प्रदाय - मिसन - संगठन - विशेष - लगानीकर्ताहरु - मित्रहरू - छिमेकीहरू - सम्पत्ति - दोस्रो - अतिरिक्त

# सेसन ४

# मण्डली स्थापनाको चक्र

## मण्डली स्थापनाको चक्र




१.________________

२.________________

३.________________

४.________________

५.________________

६.________________

**पहिलो चरण : प्रार्थना गर्नु** (लूका १०:२, एफिसी ६:१८-१९, कलस्सी ४:२-४)

क्रियाकलापहरू:

- प्रार्थनाद्धारा सुरु गर्नुहोस् ।
- तपाईंले सुसमाचार प्रचार र मण्डली स्थापना गर्ने त्यो समूहलाई पत्ता लगाउनुहोस् ।
- आफ्नो निम्ति र सहायता गर्नेहरूको निम्ति प्रार्थना गर्नुहोस् ।

मुख्य विषयहरू

- मेरो व्यक्तिगत कटनीको क्षेत्र कुनचाहिँ हो ? परमेश्वरले मेरो क्षेत्रबाट के कुराको चाहना गर्नुहुन्छ ?
- परमेश्वरले मलाई दिनुहुने बोलावट र दर्शनको बारेमा के कस्ता कुराहरू छन्, जुनचाहिँ उहाँले अन्य मानिसहरूलाई दिनुहुने कुराहरू भन्दा फरक छन् ?

| |
|---|
| प्रार्थना - ससमाचार - चेला बनाउन - एकसाथ भेला - अगवा निर्माण - बद्धि |

- कसले हामीलाई मद्दत गर्न गइरहेको हुन्छ ?
- मैले कसको निम्ति प्रार्थना गर्नुपर्ने हो ? मैले के को निम्ति प्रार्थना गर्नुपर्ने हुन्छ?
- मैले मेरो आफ्नै सेवा उहाँको निम्ति प्रदान गर्दा मैले परमेश्वरलाई के कुरा सोध्नुपर्ने हुन्छ ?

**दोस्रो चरणः सुसमाचार** (१ कोरिन्थी ९:१९-२३; प्रेरित १:८)
क्रियाकलापहरू:

- मुख्य अगुवाहरूलाई सम्पर्क गरेर सम्बन्धलाई बढाउनुहोस् ।
- हराएकाहरूको निम्ति सुसमाचार प्रचार गर्नुहोस् ।
- सुसमाचारीय समूहसँग बाइबल अध्ययन गर्न सुरु गर्नुहोस् ।
- नयाँ विश्वासीहरूलाई कसरी सेवकाई गर्नुपर्छ भनेर तपाईंले गर्नुहुने तरिकाद्धारा देखाउनुहोस् ।

मुख्य विषयहरू:

- हामीलाई हाम्रा लक्ष्यहरूसम्म पुग्नको लागि, कस्ता खालका प्रभावकारी सुसमाचारीय तरिकाहरू छन् ?
- हामीले कसरी मुख्य अगुवाहरूसँग सम्पर्क गर्न सक्छौं ? तिनीहरू को-को हुन् ?
- हामीले तिनीहरूलाई कसरी पत्ता लगाउन सक्छौं ?
- कसरी हामीले नयाँ विश्वासीहरूलाई तिनीहरूका मित्रहरू र परिवारहरू लाई गवाही दिने बनाउन सक्छौं ?
- नयाँ विश्वासीका मित्रहरू को हुन्, र तिनीहरूलाई सुसमाचार प्रचार गर्न सुरु गर्नुपर्छ भनेर हामीले कसरी पत्ता लगाउन सक्छौं ?

**तेस्रो चरणः चेला बनाउनु** (१ थेसलोनिकी ५:११; मत्ती २८:१८-२०)
क्रियाकलापहरू:

- नयाँ विश्वासीहरूलाई चेला बनाउनु
- अगुवापनमा बढीरहेकाहरूलाई सल्लाह दिनु
- परमप्रभुमा आज्ञाकारीता र समर्पणता सिकाउनु
- विश्वासीहरूलाई ख्रीष्टजस्तै हुन उत्साह प्रदान गर्नु
- नयाँ विश्वासीहरूलाई ख्रीष्टमा आज्ञाकारी बन्न सिकाउनु

मुख्य विषयहरू:

- मानिसहरूको समूहमा कसरी चेलापनको निर्माण गर्ने र विकास गर्ने ?
- प्रभावकारी नेतृत्वपनको नमुना कसरी बन्ने ?

**चौथो चरण: सँगसँगै जम्मा गर्नु** (हिब्रू १०:२४-२५)
क्रियाकलापहरू:

- मित्रहरूको संजालद्वारा सुसमाचारलाई वृद्धि गर्ने प्रयास गर्नु ।
- हरेक साना समूहहरूले अन्य साना समूहको सुरुवात गरेर समूहलाई विस्तार गर्नु ।
- निरन्तर भइरहने आराधनाको सुरुवात गर्नु ।

मुख्य विषयहरू:

- कसरी नयाँ झुण्डका अगुवाहरूलाई तालिम दिन र पठाउन सकिन्छ ?
- तपाईंले नयाँ विश्वासीहरूलाई कहिले बप्तिस्मा दिनुहुन्छ ? तिनीहरूलाई कहिले र कसले प्रभु भोज दिन्छन् ?
- कसरी हामीले विश्वासीहरूसँग नजिकको संगतिलाई स्थापित गर्नेछौं ? कसरी नयाँ विश्वासीहरूलाई त्यस संगतिमा ल्याउन सकिन्छ ?
- जब हामी भेला हुन्छौं, हामी कहाँ भेट्छौं ? हामीले कसरी मानिसहरूलाई आमन्त्रण गर्छौं ?
- हामीले चाहना गरेको उद्देश्यलाई पूरा गर्न, हामीले कस्तो खालको स्वरुपलाई प्रयोग गर्नेछौं?
- हामीले आराधनाको कस्तो शैलीलाई प्रयोग गर्नेछौं ?

**पाँचौं चरण : नेतृत्वपनको विकास गर्नु** (२ तिमोथी २:२)
क्रियाकलापहरू:

- सेवकाइको क्षेत्रमा आवश्यक पर्ने प्रत्येक अगुवाहरूको आँकडा तयार पार्नु ।
- सबै सदस्यहरूको आत्मिक वरदानलाई पत्ता लगाएर लेखेर राख्नु ।
- सानो समूहका अगुवाहरूलाई तालिम प्रदान गर्नु ।
- सेवकाइको निम्ति अगुवाहरू नियुक्त गर्नु र तिनीहरूलाई पठाउनु ।
- तपाईंले सेवकाइमा प्राप्त गर्नुभएको दर्शनको निम्ति सेवकाइमा लागु गर्नु र त्यो संरचनालाई व्यवस्थित गर्नु ।
- सेवा प्रदान गर्नको निम्ति अगुवाहरूसँगै अनुगमनमा जानु ।

मुख्य विषयहरू:

- कसरी हामीले नयाँ विश्वासीहरूको आत्मिक वरदानहरुलाई पत्ता लगाउन सक्छौं ? कसले तिनीहरूलाई तालिम प्रदान गर्नेछन् ?
- तालिम दिनुपर्ने आवश्यकीय क्षेत्रहरू के कस्ता छन् ?  कहाँ र कसरी यस्ता खालका तालिमहरू प्रदान गरिनेछन् ?
- सम्भाव्य मुख्य अगुवाहरू को-को हुन् ? तिनीहरूको वरदान र क्षमताहरू के-कस्ता छन् ? के तिनीहरूले मानिसहरूलाई विश्वासयोग्य भएर सेवा पुऱ्याइरहेका छन् ?
- ती तालिम प्राप्त गरेका व्यक्तिहरूले कुन स्थानमा गएर सेवकाइ गर्नेछन् ? त्यस क्षेत्रमा भएका विषयहरू र आधारभूत खाँचोहरू के-कस्ता छन् ? तिनीहरूको क्षेत्रमा भएको सेवकाइ कहिले सुरु हुन्छ ? तिनीहरूले कसलाई प्रतिवेदन दिनेछन् ? तिनीहरूको कामको विभाजन कस्तो हुनेछ ?

**छैटौं चरण : वृद्धि गर्नु** (प्रेरित १:८)

क्रियाकलापहरू:

- मण्डली स्थापना गर्ने समूहलाई निर्माण गर्न अगुवाहरूलाई तालिम प्रदान गर्नुहोस् ।
- मण्डली स्थापनामा संलग्न हुने विविध सेवकाइहरूमा कारिन्दाहरूलाई तालिम प्रदान गर्नुहोस् ।
- मानिसहरूले सेवकाइ सुरु गर्नसक्ने नयाँ स्थानहरूको पहिचान गर्नुहोस् ।
- नयाँ क्षेत्रहरूमा योजना गरेर सुसमाचारीय कार्यक्रमको संचालन गर्नुहोस् ।
- हामीसँगै कार्य गर्ने अगुवाहरूको खोजी गरेर नियुक्त गर्नुहोस् ।

मुख्य विषयहरू:

- कस्तो खालको अनुसन्धान गर्नुपर्ने खाँचो पर्दछ ? कसले यसलाई गर्नेछन् ? के त्यहाँ वरिपरि अझ पनि यस्ता मानिसहरू छन्, जसलाई सुसमाचार सुनाइएको छैन ? के उनीहरूको बीचमा यस्ता सम्भाव्य अगुवाहरू छन्, जसलाई तालिम दिन सकिन्छ ?
- ती उपयुक्त मानिसहरूको निम्ति कस्ता खालका लक्ष्यहरूलाई मिलाउनुपर्ने खाँचो, र उपलब्ध गराउनुपर्ने हुन्छ ? यस्तो खालको सेवकाइलाई सहायता पुऱ्याउन कसले प्रार्थनामा अगुवाइ गरिरहेको हुन्छ ?
- सबै नयाँ मण्डली स्थापनाका सेवकाइहरूलाई कसले पठाउने र रेखदेख गर्ने हुन्छन् ?
- के हामीलाई यो अभियानको निम्ति चाहिने फरक खालका नेतृत्वतहमा तालिम प्रदान गरेर कुनै अतिरिक्त सेवकाइको तालिम दिनुपर्ने खाँचो पर्दछ ? कसले तालिम गर्नेछन् ? यसको आर्थिक स्रोत कसरी जुटाइनेछ ?

**सातौं चरण : अभियान** (यशैया ११:९)

क्रियाकलापहरू:

- देशको सबै मानिसहरूको समूहमा पुग्नुहोस् ।
- त्यो अभियानको वृद्धि भएको कुरामा मार्गनिर्देशिका स्थापित गर्नुहोस् ।
- त्यो समूहले सहायता गर्ने अन्तर-सांस्कृतिक मिसनका कार्यक्रमहरूलाई निर्धारण गर्नुहोस् ।
- प्रार्थना र प्रशंसाका कार्यक्रमहरू तयार गर्नुहोस् ।
- क्षेत्रिय वा राष्ट्रिय लक्ष्यहरूको निर्धारण गर्नुहोस् ।

- त्यस अभियानमा भएका मुख्य अगुवाहरूको लागि उच्च तहको तालिमको स्थापना गर्नुहोस् ।

मुख्य विषयहरू:

- के यो अभियानलाई आफैले विकास गर्ने, आफैले सहायता गर्ने, र आफैले शासन गर्ने खालको हुन्छ ? यदि यसो हुँदैन भने, यसलाई पक्का गर्नको निम्ति के-कस्ता खालका कुराहरूलाई गर्नुपर्ने खाँचो पर्दछ ?
- कुन क्षेत्रहरूमा र मानिसहरूकहाँ अझै सुसमाचार पुगेको छैन ? कस्ता खालका मिसनका योजनाहरूलाई हामीलाई चलाउन दिएर परमेश्वरले अगुवाइ गर्नुहुन्छ ?

- त्यस अभियानको निम्ति कस्ता खालका तालिमहरूको खाँचो पर्दछ ? कसरी यसलाई सहायता पुऱ्याइन्छ ?
- यस अभियानको निम्ति कस्ता खालका “प्रेरितीय किसिमका” अगुवाहरू हुन्छन् ? कसरी हामीले तिनीहरू सँगसँगै कार्य गर्न सक्छौं ? कसरी हामीले तिनीहरूलाई उत्साह प्रदान गरेर सहायता पुऱ्याउन सक्छौं ?तिनीहरूका खाँचोहरू कस्ता छन् ?

**ठूलो समूहमा प्रतिवेदन दिनु**

## सेसन ५

# किन साना समूहहरू

## सानो समूहको निम्ति बाइबलीय आधार

हामीले सानो समूह वा सानो खण्डलाई, व्यक्तिको सानो समूहको रूपमा परिभाषित गर्दछौं, जसले _ ______________को ___________लाई _____________, _______________, _____________, र ______________ कार्यमा लगाउने गरिन्छ, र _______________,___________________गर्ने, र नयाँ मण्डलीको निर्माणमा योगदान पुऱ्याइनेछ" ।

**सानो समूहमा बाइबललाई पत्ता लगाउने क्रियाकलापहरू :**

**समूह कः** नयाँ करारको सानो समूहमा गरिने केही सुसमाचारीय कार्यहरू कस्ता छन् ? (प्रेरित ४:२०; ५:४२; २०:२०)

**समूह खः** नयाँ करारको सानो समूहमा चेलाहरूले गर्ने केही कार्यहरू कस्ता छन् ? (प्रेरित ६:४; कलस्सी ४:१७)

**समूह गः** नयाँ करारको सानो समूहहरूमा हुने केही संगतिका कार्यहरू कस्ता छन् ? (प्रेरित २:४२; २०:७,११; हिब्रू १०:२५)

**समूह घः** नयाँ करारमा भएका सानो समूहमा हुने केही आराधनाका कार्यहरू कस्ता छन् ? (प्रेरित १:१४; २:४७; ६:४; कलस्सी ४:२)

## सानो समूहका फाइदाहरू

सानो समूहमा गरिने छलफल

**समूह कः** सानो समूहले सुसमाचार प्रचार गर्दा हुने फाइदाहरू के कस्ता छन् ? सानो समूहमा के कस्ता सम्भाव्य क्रियाकलापहरू छन्, जसले येशू ख्रीष्टको सुसमाचार लिएर तिनीहरूको माभमा पुग्न सक्छन् ?

| |
|---|
| परमेश्वर - वचन - अध्ययन - सुसमाचार - चेलापन - सेवा - स्वस्थ - आराधना |

**समूह खः** चेलापनमा साना समूहले के-कस्ता फाइदा दिन सक्छन् ? सानो समूहमा हुने के कस्ता क्रियाकलापहरू छन्, जसले सहायता गर्ने, सिकाउने र हेरचाह गर्ने गर्दछन् ?

**समूह गः** संगतिको निम्ति साना समूहहरू कति फाइदाजनक हुन्छन् ? सानो समूहमा हुने केही सम्भाव्य क्रियाकलापहरू के कस्ता छन्, जसले एक-आपसको उत्साह, बताउने कार्य र येशू ख्रीष्टमा भएको मित्रतालाई निकाल्न सक्छन् ?

**समूह घः** आराधनाको निम्ति साना समूहहरू कसरी फाइदाजनक हुन्छन् ? साना समूहमा हुने सम्भाव्य क्रियाकलापहरू के कस्ता छन्, जसले परमेश्वरलाई प्रशंसा गरेर महिमा प्रदान गर्दछन् ?

ठूलो समूहमा प्रतिवेदन र छलफल

## सेसन ६

# हामीलाई बाइबलले सिकाएको होस्

### गहन बाइबल अध्ययन तरिका, भाग १

**गहन वाइवल अध्ययन र परिणाममुखी वाइवल अध्ययन** (२ तिमोथी २:१५)

**सहजकर्तालाई दिइएको निर्देशनको समीक्षा**: तल दिइएको रूपरेखालाई प्रयोग गरेर बाइबल अध्ययनको गहन परिणाममुखी धारणाको बीचमा भएको फरकपनलाई वर्णन गर्नुहोस् ।

**१. परिणाममुखी धारणा**

अ. परिणाममुखी तर्क

हामीले जानेको र स्वीकार गरेको विचारसँगै ____________________ गर्छौं, र यसबाट ____________________लाई पनि लिन्छौं (परिणाममुखी) ।

आ. परिणाममुखी बाइबल अध्ययन

शिक्षकले नयाँ करारमा भएको सामान्य नियमलाई बताउँदछन्, र त्यहाँ धेरैचोटी दिइएको खमीरले पापलाई बताउने गर्दछ । जब हामीले मत्ती १३:३३ लाई पढ्छौं, तब हामीले खमीरले पापलाई देखाउँछ भनेर मानिलिन्छौं। त्यस खण्डलाई पढ्नुहोस्, र के यो खमीरले यहाँ पापलाई बताएको हुन्छ ?

इ. एक “किसिमको” तरिका

कतिचोटी बाइबलका शिक्षकहरूले तिनीहरूले भन्न खोजेको यो कुरालाई जान्दछन्, र तिनीहरूको बुझाइलाई सहायता पुऱ्याउने बाइबलको पदलाई पत्ता लगाउँदछन् । किन यसले यस खण्डको साँचो अर्थलाई गलत बुझ्ने खतराको निर्माण गर्दछ ?

**२. गहन वाइवल अध्ययन**

अ. गहनताको कारण:

हामीले वास्तविकतालाई नजिकबाट ____________ गर्छौं, ताकि हामीले वास्तविक अर्थ के हो, भनेर पनि बुझ्नुपर्छ ।

आ. गहन वाइवल अध्ययन

हामीले मत्ती १३:३३ मा दिइएको _______ र ___________लाई होसियारपूर्वक जाँच गर्दछौं, र “खमीर” भन्ने शब्दले के कुरालाई बताउँदछ भनेर पक्का गर्दछौं:

इ. गहन वाइवल अध्ययन अझ बढी असल तरिका हो ।

जसै मानिसहरूले बाइबल अध्ययन गर्दा तिनीहरूलाई सत्यताको बारेमा खोजी गर्नलाई मद्दत गरिन्छ भने, त्यो गहन बाइबलको अध्ययनको कुरा पनि असल छनोट हुन्छ ।

| सरुवात - निष्कर्ष - जाँच - खण्ड - सन्दर्भ |
|---|

## गहन वाइवल अध्ययनका चरणहरू

क: ______________ - यसले के कुरालाई बताउने गर्दछ ?
ख. ______________ - यसले भन्न खोजेको अर्थ के हुन्छ ?
ग. ______________- मैले के कुरा गर्नुपर्छ ?

### गहन बाइबल अध्ययनका केही उत्तम कुराहरू

**ठोस जगको निर्माण गर्नु:** यस्तो कार्य अवलोकनद्वारा सुरु गरिन्छ। यस खण्डको साँचो अर्थलाई निर्धारण गर्न त्यो परिवेशलाई होसियारपूर्वक जाँच गर्नुहोस्, ताकि कसैले मान्य हुने उपयोगीतालाई बनाउन सक्छन्।

**अध्ययनको लागि पर्याप्त मात्रामा समय लिने गर्नुहोस्:** यसको अर्थ के हो भनेर तपाईलाई थाहा भएजस्तै गरी हतार गरेर छिटो छिटो नपढ्नुहोस्। यसले के कुरा सिकाउँदछ भनेर हतारमा र प्रश्न गर्ने तरिकाले पनि यसलाई नबनाउनुहोस्।

## गहन बाइबल अध्ययनको एउटा नमुना (२५ मिनेट)

| अवलोकन - व्याख्या - उपयोगीता - अवलोकन -समय |
|---|

## यूहन्ना१:१-५

### गहन बाइबल अध्ययन

क. - अवलोकनः यस खण्डले के कुरा बताएको छ ?

ख. - व्याख्याः यस खण्डले भन्न खोजेको अर्थ के हो ?

ग.- उपयोगीताः मैले वा हामीले के गर्नुपर्छ ?

**स्थलगत गृहकार्य :** व्यक्तिगत गहन बाइबल अध्ययन

अर्को गहन बाइबल अध्ययनको पाठलाई तयार गर्दैगर्दा, त्यस पाठलाई अध्ययन गर्ने सानो खण्डलाई लिनुहोस् (एउटा अनुच्छेदभन्दा बढी नभएको होस्) । त्यस खण्डलाई अध्ययन गरेर प्रार्थनासहित १ घण्टाजति बिताउनुहोस्, र तपाईंले अझै पनि आफ्ना आँखाले नदेखेका ती चिजविजहरूलाई परमेश्वरमा माग्नुहोस् । तपाईंले अवलोकन गरेका कुराहरूलाई लेख्नुहोस् । तपाईंले के कुरालाई सिक्नुभयो ? तपाईंले आफ्ना सहकर्मीहरूलाई अर्को तालिमको अवधिमा आफ्ना अनुभवहरूलाई बताउन तयार हुनुहोस्।

अन्त्य गर्नु

**यसपछि के ?**

तपाईं अर्को नमुनामा आउनुभन्दा अगाडि, हामीले तपाईंलाई निम्न कुराहरू गर्नलाई सिफारिस गर्दछौं:

- नयाँ १० जना मानिसहरूसँग सम्पर्क गर्नुहोस् ।
- ५ जना मानिसहरूलाई सुसमाचार सुनाउनुहोस् ।
- एउटा नयाँ सानो समूह सुरु गर्नुहोस् ।

नमुना २ को निम्ति कार्य योजना गर्नु: जाँच्ने सूची

- “जेड” योजनाको गृहकार्यलाई पूरा गर्नुहोस् (तेस्रो भागलाई हेर्नुहोस्) ।
- गहन बाइबल अध्ययन गर्ने समय लिनुहोस् (छैंटौं भागलाई हेर्नुहोस्) ।